# बुढीगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुडा, मोरङ
१ नं प्रदेश नेपाल

## आ. व. २०७६।२०७७ को लागि कबाडी मालसामानमा लाग्ने कर संकलन गर्ने ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

### सूचना प्रकाशित मिति २०७६।०।०५

यस गाउँपालिकाको मिति २०७६।०४।३१ को निर्णय अनुसार आ.व. २०७६।२०७७ को लागि यस गा.पा. क्षेत्र भित्रका कबाडी माल सामानमा लाग्ने कवाडी कर संकलन सम्बन्धि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरि कर,दस्तुर तथा शुल्क संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरेको बोलपत्र फारम प्रति गोटा रु.३०००।- अक्षरेपी तिन हजार मात्रमा (फिर्ता नहुनेगरी) खरिद गरी तोकिएको म्याद भित्र शिलबन्दी गरी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

| सि.नं. | ठेक्काको किसिम | कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | कवाडि मालसामानमा लाग्ने कर | मुख्य राजमार्ग समेत गा.पा.को क्षेत्र भित्र | ५१,००,०००।०० | ३,०००।०० |

**शर्तहरु:-**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाता फर्म कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्र , आ.व. ०७५।०७६ सम्मको फर्म नविकरण, आ.व. ०७४।०७५ को करचुक्ता गरेको प्रमाणपत्र तथा व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले २१ औ दिन कार्यालय समय भित्र यसै कार्यालयबाट खरिद गरी २२ औ दिन दिनको १२.०० बजे सम्ममा शिलबन्दी बोलपत्र दर्ता गरी सक्नुपर्नेछ । तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु सोहि दिन दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गा.पा.का प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने र ,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन लाई क्रमशः अन्तिम दिन मानिने छ ।

२. बोलपत्र फारम साथ कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस कार्यालयको एन.आई.सी एसिया बैंक लि. मा रहेको धरौटी खाता नं. ६९CA५०११७५५२४००६ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैक बाट बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्ने छ ।

३. प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर तथा शुल्कहरु ठेकेदार स्वयंले तिर्नुपर्ने छ । स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर समेत बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुने छ । अन्यको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिइनेछ ।

४.करको दररेट बोलपत्र फारममा संलग्न गरिए बमोजीम हुनेछ ।

५. आ.व. ०७६।०७७ को लागि बिक्रीकर संकलन मिति २०७६ साल असोज ०१ गते देखि मिति २०७७ साल असार मसान्त सम्म हुनेछ ।

६. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट, मिनाहा वा माफी दिईने छैन ।

७. कबोल अंकको रकम तीन किस्तामा बुझाउनु पर्नेछ । रकम बुझाउदा नगद ,चेक वा बैक जम्मा द्वारा बुझाउन सकिने छ । सम्झौत गर्ने समयमा एकमुष्ट रकम बुझाएमा १०% छुट दिईनेछ । बैक जम्मा गर्दा एन.आइ.सी.एसिया बैंक लि.मा रहेको यस गाउँपालिकाको संचित कोष खाता नं.६९CA५०११७५५२४००१ मा जम्मा गर्नुपर्नेछ । किस्तामा बुझाउने बोलपत्रदाताले नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंक बाट मिति २०७७ साउन मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्ने छ ।

८.बोलपत्रदाताबाट बोलपत्र फारम भर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा सही छाप भएको हुनुपर्नेछ ।

९.यस गाउँपालिकाको सक्कल छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१०. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

११.यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारर्बाही भई ठेक्का रद्द समेत गर्न सकिनेछ ।

१२.ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त बमोजीम हुनेछ ।

१३.बोलपत्रदाता तथा गाउंपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा गाउंपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ ।

१४.यस सूचनामा उल्लेखित भएका कुरा यसै सूचना अनुसार र उल्लेख नभएको कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१५. यस गाउँपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै शर्त सहितको बोलपत्र स्वीकृत हुनेछैन ।

१६. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस गाउँपालिकाको कार्यालय हात्तिमुडा मोरङ्गमा आई बुझ्न सकिनेछ । अथवा गा.पा.को website www.budhigangamunmorang.gov.np मा हेर्न सकिने छ ।

१७.ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनेछ ।

१८.ठेक्का सम्बन्धि रसिद हरु ठेकेदार आफैले छपाई कार्यालय बाट प्रमाणीत गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगराई उठाईएको पाईएमा नियमानुसार कारर्बाही गरिनेछ ।

१९.यस सुचनामा उल्लेख नभएका कुरा हरु स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद ऐन २०६३ (संशोघन सहित ), सार्बजनिक खरिद नियमावली २०६४ (संशोघन सहित ) र प्रचलित ऐन कानुन बमोजीम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत